# बागचौर नगरपालिकाको आर्थिक ऐन २०७६

*सभा बाट पारित मिति : २०७६/०३/३१*

**बागचौर नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रस्तावना : बागचौर नगरपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम बागचौर नगरपालिकाको पाँचौं नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " बागचौर नगरपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित भए पश्चात मिति २०७६ श्रावण १ देखि बागचौर नगरपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२. सम्पत्ति करः** बागचौर नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूलउपर गरिनेछ।

**३. भूमि कर (मालपोत)ः** बागचौर नगरपालिका क्षेत्र भित्र अनुसूची २ बमोजिम भूमिकर (मालपोत) लगाईने र असूलउपर गरिनेछ।

**४. घर वहाल करः** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा वहालकर लगाईने र असूल गरिनेछ।

**५. व्यवसाय करः** बागचौर नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाईने र असूलउपर गरिनेछ।

**६. जडिबुटि, कवाडी, जीवजन्तु कर र कृषिजन्य करः** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो,जडिबुटी,वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वांख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरे वापत र कृषिजन्य वस्तु निकासी गरेवापत अनुसूची ५ बमोजिमको कर लगाईने र असूलउपर गरिनेछ।

**७. सवारी साधन करः** बागचौर नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन करः** बागचौर नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरञ्जन करः** बागचौर नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल विटौरी शुल्कः** बागचौर नगरपालिका क्षेत्र भित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेका अनुसूची ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा र ऐलानी जग्गामा बसोबास गर्ने व्यक्तिहरुबाट सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिङ, क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर र ¥याफ्टीङ शुल्कः** बागचौर नगरपालिकाले आफ्नो क्षेत्र भित्रट्रेकिङ, कोयोकिङ, क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर र ¥याफ्टीङ सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची ११ बमोजिमको शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः**बागचौर नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लीखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः** बागचौर नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. बजार सरसफाई व्यवस्थापन सहयोग शुल्कः** बागचौर नगरपालिकाको क्षेत्रमा संचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको संचालनले बजार क्षेत्र अव्यवस्थित हुने भएकाले नेपालको संविधानको अनुसूची ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसूची १४ मा उल्लेखित दरमा बजार सरसफाई व्यवस्थापन सहयोग शुल्क लगाउन सक्नेछ ।

**१६. कर छुट तथा जरिवाना :** नीति, कार्यक्रम तथा बजेटमा व्यवस्था भए अनुरुप छुट र जरिवानाको व्यवस्था हुनेछ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**आ.व. २०७६।०७७ मा बागचौर नगरपालिका, सल्यानद्वारा लागु गरिने कर, दस्तुर, सेवा शुल्कको विवरण**

**अनुसूचीहरुः**

## अनुसूची १

**सम्पति कर**

| क.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | कच्ची घर (खरले छाएको) | ० | ० |
| २ | अर्ध पक्की(ढुङ्गा वा टिनले छाएको) | प्रति घर | १००। |
| ३ | पक्की (ढलान) प्रति कोठा | प्रति कोठा | १००। |

## अनुसूची २

**भुमिकर-खेत**

| क.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनि | २० |
| २ | दोयम | प्रति रोपनि | १८ |
| ३ | सिम | प्रति रोपनि | १६ |
| ४ | चाहार | प्रति रोपनि | १४ |

**भुमिकर-पाखो**

| क.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनि | १६ |
| २ | दोयम | प्रति रोपनि | १४ |
| ३ | सिम | प्रति रोपनि | १२ |
| ४ | चाहार | प्रति रोपनि | १० |

## अनुसूची ३

**बहाल कर**

| क्र.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | नगरपालिकाक्षेत्र भित्रकोघर,पसल,गोदाम,टहरा,सेड,कारखाना,सवारी साधन,जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहाल दिएकोमा सम्बन्धित घर जग्गा धनी बाट बहाल रकमको ११ प्रतिशत बहाल कर लाग्ने छ। | प्रतिशत | ११% |

## अनुसूची ४

**व्यवसाय कर**

| सि.नं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेटदर्ता,नवीकरण तथा वार्षिक |
|---|---|---|---|
| | **डिलर** | | |
| १. | मदिरा डिलर | प्रति डिलर | ५०००।- |
| २. | अन्य सबै किसिमका डिलर | प्रति डिलर | २०००।- |
| | | | |
| | | | |
| | **मदिरा पसल** | | |
| १. | मदिरा पसल खुद्रा | प्रति पसल | १०००।- |
| | **सुनचाँदीकागहना पसल** | | |
| १. | सुनचाँदीका गहना निर्माण खरिद तथा विक्री गर्ने पसल | प्रति पसल | २०००।- |
| | **वित्तिय सेवा** | | |
| १. | नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक क वर्गका बाणिज्य बैंकहरु | प्रति वर्ष | १५०००।- |
| २. | ख वर्गका विकास वैक | प्रति वर्ष | १००००।- |
| ३. | ग वर्गका वैक | प्रति वर्ष | ८०००।- |
| ४. | घ वर्गका वैक | प्रति वर्ष | ६०००।- |
| ५. | लघु वित्त बैंक | प्रति वर्ष | ६०००।- |
| ६. | मनि ट्रान्सफर | प्रति वर्ष | २०००।- |
| ७. | विमा कम्पनी | प्रति वर्ष | ५०००।- |
| ८. | सहकारी संस्था (बचत तथा ऋण ) | प्रति वर्ष | १०००।- |
| | **पर्यटक आवास होटेल ,रेष्टुराँ,सिसोर्ट,ट्राभल्स,ग्लाईडिङ्ग वाटर र्‍याफ्टीङ आदी उद्योग व्यवसाय** | | |

| | | | |
|---|---|---|---|
| १. | प्रा.लि.भएका होटेल तथा रिसोर्ट | प्रति वर्ष | ५०००। |
| २. | हल सहित व्यवस्थित गेष्ट हावस | प्रति वर्ष | २०००। |
| ३. | साधारण होटल | प्रति वर्ष | १०००। |
| ४. | चिया नास्ता पसल | प्रति वर्ष | ५००। |
| ५. | ट्राभल्स एजेन्सी शाखा तथा ग्लाईडिङ | प्रति वर्ष | १०००। |
| | **मिठाई तथा भोजनालय** | प्रति वर्ष | |
| १. | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | प्रति वर्ष | १०००। |
| २. | साना मिष्ठान  पसल | प्रति वर्ष | ५००। |
| | **मासु पसल** | | |
| १. | सबै किसिमका मासु पसल | प्रति वर्ष | १०००।- |
| | **स्वास्थ्य सेवा** | | |
| १. | गैर सरकारी अस्पताल तथा पोलिक्निक (सम्पूर्ण सेवा प्रदान गर्ने)प्रा.लि. | प्रति वर्ष | ५०००।- |
| २. | क्लिनिक तथा ल्याव | प्रति वर्ष | २०००।- |
| ३. | मेडिकल पसल | प्रति वर्ष | २०००।- |
| | **शिक्षा सेवा नीजि स्तर** | | |
| १. | आधारभुत स्तरका विद्यालय  (१-८) | प्रति वर्ष | ५०००।- |
| २. | मा.वि.स्तरका (९-१२) | प्रति वर्ष | ८०००।- |
| ३. | क्याम्पसस्तर/उच्च शिक्षा | प्रति वर्ष | १००००।- |
| ४. | शिशु कक्षा देखि केजी सम्म | प्रति वर्ष | २०००।- |
| ५. | कक्षा थप | प्रति कक्षा | २०००।- |
| | **तालिम तथा अनुसन्धान केन्द्र** | | |
| १. | डिप्लोमा प्राविधिक शिक्षण संस्था | प्रति विधा | ५०००।- |
| २. | टेक्नीकल इन्स्टीच्युट | प्रति विधा | ५०००।- |
| ३. | कम्प्युटर प्रशिक्षण केन्द्र | प्रति वर्ष | २०००।- |
| | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १. | चिकित्सक | प्रति वर्ष | १०००। |
| २. | कविराज वैद्य | प्रति वर्ष | १०००। |
| ३. | कानुन व्यवसायी | प्रति वर्ष | १०००। |
| ४. | लेखापरिक्षक घ वर्ग | प्रति वर्ष | १०००। |
| ५. | दन्त चिकित्सक | प्रति वर्ष | १०००। |
| ६. | अनुसन्धान कर्ता र परामर्शदाता (नक्सा डिजाइनर) | प्रति वर्ष | १०००। |
| ७. | कम्प्युटर एनालिस्ट र प्रोग्राम | प्रति वर्ष | १०००। |
| ८. | विमा एजेन्ट | प्रति वर्ष | १०००। |
| ९. | सर्भेएर | प्रति वर्ष | १०००। |
| १०. | अनुवादक | प्रति वर्ष | ५००। |

| | | | |
|---|---|---|---|
| ११. | पशु चिकित्सक | प्रति वर्ष | १०००। |
| १२. | सामान ढुवानी कर्ता तथा कम्पनी | प्रति वर्ष | २०००। |
| १३. | संस्थागत पेन्टर | प्रति वर्ष | ५००। |
| १४. | लेखापढी व्यवसाय | प्रति वर्ष | १०००। |
| | **निर्माण व्यवसाय** | | |
| १. | क श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १५०००। |
| २. | ख श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १००००। |
| ३. | ग श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ८०००। |
| ४. | घ श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ५०००। |
| | **उत्पादनमुलक उद्योग** | | |
| १. | खाद्य उद्योग क बर्ग (अधिकृत पूँजी २५ लाख देखि माथि | प्रति वर्ष | ४०००। |
| २. | खाद्य उद्योग ख बर्ग (अधिकृत पूँजी १५ देखि २५ लाख सम्म | प्रति वर्ष | ३०००। |
| ३. | खाद्य उद्योग (अधिकृत पूँजी ५ देखि १५ लाख सम्म | प्रति वर्ष | २०००। |
| ४. | खाद्य उद्योग (अधिकृत पूँजी ५ लाख सम्म | प्रति वर्ष | १०००। |
| ५. | चिउरा उद्योग | प्रति वर्ष | १०००। |
| ६. | पाउरोटी उद्योग | प्रति वर्ष | १०००। |
| ७. | चाउमिन उद्योग | प्रति वर्ष | १०००। |
| ८. | मसला पिस्ने उद्योग | प्रति वर्ष | १०००। |
| ९. | सिमेन्ट उद्योग | प्रति वर्ष | १०००००। |
| १०. | सिमेन्टका ब्लग बनाउने २० ब्यालेटका रीङ;टायल आदी | प्रति वर्ष | १०००। |
| ११. | गार्मेन्ट तयारी पोशाक सहित कपडा बिक्रेता | प्रति वर्ष | २०००। |
| १२. | गलैचा उद्योग | प्रति वर्ष | ५०००। |
| १३. | डिस्टीलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने | प्रति वर्ष | ५००००। |
| १४. | मिनरल वाटर उत्पादन | प्रति वर्ष | ५०००। |
| १५. | स्टिलमेटलवाल कुलर,दराज,बाकसका साथै बिभिन्न औजार उपकरण उत्पादन गर्ने ईन्जीनियरीङ वर्क सप | प्रति वर्ष | ५०००। |
| १६. | ग्रिल,सटर,ट्रस बनाउने उद्योग | प्रति वर्ष | २०००। |
| १७. | ह्याचरी (चल्ला उत्पादन गर्ने) | प्रति वर्ष | २०००। |
| १८. | पशु पंक्षिको आहारा उत्पादन गर्ने | प्रति वर्ष | २०००। |
| १९. | गोवर ग्याँस कम्पनी | प्रति वर्ष | ५०००। |
| २०. | दालमोठ उद्योग | प्रति वर्ष | १०००। |
| २१. | डेरी उद्योग | प्रति वर्ष | १०००। |
| | **मुलतःकृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसायमा** | | |
| १. | काठ चिरान सम्बन्धित काम गर्ने स.मिल | प्रति वर्ष | ३०००। |

| | | | |
|---|---|---|---|
| २. | फर्निचर उत्पादन गर्ने पसल | प्रति वर्ष | २०००। |
| ३. | फर्निचर स्वरुम पसल | प्रति वर्ष | २०००। |
| | **धान कुटने,गहुँ पिस्ने,तोरी पेल्ने उद्योग (मिल)** | | |
| १. | ५ हर्ष पावर देखि २० हर्ष पावर सम्म | प्रति वर्ष | २०००। |
| २. | २० हर्ष पावर देखि माथी | प्रति वर्ष | ३०००। |
| | **पानी घट्ट** | | |
| १. | बाह्रै महिना चल्ने | प्रति वर्ष | ४००। |
| २. | नौ महिना चल्ने | प्रति वर्ष | ३००। |
| ३. | छ महिना चल्ने | प्रति वर्ष | २००। |
| ४. | तिन महिना चल्ने | प्रति वर्ष | १००। |
| | **खनिज उद्योग** | | |
| १. | खनिज/ उत्खनन वन प्रसोधन गर्ने उद्योग व्यवसाय | प्रति वर्ष | २०००। |
| | **फोटो स्टुडियो** | | |
| १. | कलरल्याव | प्रति वर्ष | २०००।- |
| २. | भिडियो मिकसिङगर्ने,सि.डी. तयार गर्ने | प्रति वर्ष | २०००।- |
| ३. | फोटो स्टुडियो | प्रति वर्ष | १०००।- |
| | **पशु तथा कृषि व्यवसाय गर्ने** | | - |
| १. | कृषि तथा पशुपादन व्यवसाय व्यक्तिगत | प्रति वर्ष | ५००।- |
| २. | कृषि तथा पशुपालन व्यवसाय सहकारी | प्रति वर्ष | १०००।- |
| ३. | कृषि सामाग्री संस्थान वा बाहिरबाट रसायनिक मल बिउको विक्रेता | प्रति वर्ष | ५००।- |
| | **अन्य पसल व्यवसाय** | | |
| १. | सम्पूर्ण ईलेक्ट्रोनिक्स विक्री पसल | प्रति वर्ष | १०००।- |
| २. | टेन्ट तथा साउण्ड सिस्टम भाडामा दिने व्यवसायीहरु | प्रति वर्ष | १५००।- |
| ३. | हार्डवयर पसल | प्रति वर्ष | २०००।- |
| ४. | साइवर संचालन गर्ने | प्रति वर्ष | १०००।- |
| ५. | मोबाईल ग्यालरी,मोबाईल सेट बिक्री तथा मर्मत | प्रति वर्ष | १०००।- |
| ६. | फ्रिज,कुलर,राइसकुकर आदी बिक्रि तथा मर्मत | प्रति वर्ष | १०००।- |
| ७. | रेडियो ,टिभी,घडी,प्रेसर कुकर,हिटर,टेलिफोन सेट,बिद्युत सामाग्री मर्मत केन्द्र | प्रति वर्ष | १०००।- |
| ८. | इलेक्ट्रीकल सामानका साथै बिजुली बाट चल्ने उपकरण बिक्री तथा मर्मत पसल | प्रति वर्ष | १०००।- |
| ९. | पेट्रोल पम्प | प्रति वर्ष | १००००।- |
| १०. | किराना पसल | प्रति वर्ष | ५००।- |
| ११. | गल्ला तथा खाद्यान्न पसल | प्रति वर्ष | १०००।- |
| १२. | बिभिन्न सवारी साधनका पार्टस बिक्री गर्ने | प्रति वर्ष | १०००। |
| १३. | मोटर साइकल मर्मतका साथै सोका पार्टस बिक्री गर्ने पसल | प्रति वर्ष | १०००। |

| | | | |
|---|---|---|---|
| १४. | गाडीका टायर मर्मत तथा हावा भर्ने | प्रति वर्ष | ५००। |
| १५. | मोटर साइकल बिक्रेता | प्रति वर्ष | ५०००। |
| १६. | सोलार पावर बिक्री पसल | प्रति वर्ष | २०००। |
| १७. | अफसेट प्रेस भएका छापाखाना | प्रति वर्ष | २०००।- |
| १८. | साधारण छापाखाना | प्रति वर्ष | १०००।- |
| १९. | स्टेसनरी पसल | प्रति वर्ष | १०००।- |
| २०. | ट्रान्सपोर्ट (ढुवानी सेवा) | प्रति वर्ष | २०००।- |
| २१. | व्यवसायिक व्यायामशाला | प्रति वर्ष | ५००।- |
| २२. | फ्याक्स, फोटोकपी सेन्टर, ईमेल ईन्टरनेट पसल | प्रति वर्ष | १०००। |
| २३. | कुरीयर सेवा | प्रति वर्ष | ५००।- |
| २४. | एफ.एम.रेडियो स्टेसनमा | प्रति वर्ष | १०००।- |
| २५. | व्युटिपार्लर,केश श्रृङगार्र आदी | प्रति वर्ष | ५००।- |
| २६. | हेयर कटिङ पसल | प्रति वर्ष | ५००।- |
| २७. | ढेबली व्यवसाय | प्रति वर्ष | ५००।- |
| २८. | भाँडाकुडा विक्रेता पसल | प्रति वर्ष | १०००।- |
| २९. | खेलौना उपहार तथा गिफ्ट विक्रेता | प्रति वर्ष | १०००।- |
| ३०. | केबुल नेटवर्क | प्रति वर्ष | २०००।- |
| ३१. | एग्रोभेट सेन्टर | प्रति वर्ष | १५००।- |
| ३२. | म्यानपावर कम्पनी शाखा कार्यालय | प्रति वर्ष | ५०००।- |
| ३३. | ईट्टा,ढुङ्गा उद्योग बिक्रि डिपो | प्रति वर्ष | २०००।- |
| ३४. | ग्याँस बिक्रेता | प्रति वर्ष | २०००।- |
| ३५. | ड्राई क्लिीनर्स | प्रति वर्ष | ५००।- |
| ३६. | मोबाईल टावर शुल्क एलसेल | प्रतिटावर प्रति वर्ष | १००००।- |
| ३७. | कपडा पसल | प्रति वर्ष | १०००।- |
| ३८. | सिलाई कटाई तालिम गराउने केन्द्र | प्रति वर्ष | ५००।- |
| ३९. | छालाका जुता चप्पल पसल | प्रति वर्ष | ५००।- |
| ४०. | तरकारी फलफुल पसल | प्रति वर्ष | ५००।- |
| ४१. | रुई धुलाइ,कपडा पेल्ने,सिरक गद्धा निर्माण उद्योग र विक्रेता | प्रति वर्ष | २०००।- |
| ४२. | चस्मा विक्रि तथा मर्मत गर्ने पसल | प्रति वर्ष | ५००।- |
| ४३. | कपडा स्वरुम सहितको टेलरिङ्ग पसल | प्रति वर्ष | १०००।- |
| ४४. | आर्ट सेन्टर (फ्लेक्स प्रिन्ट) | प्रति वर्ष | १०००।- |
| ४५. | आर्ट सेन्टर साधारण | प्रति वर्ष | ५००।- |
| ४६. | फेन्सी पसल | प्रति वर्ष | १०००।- |
| ४७. | टेलरिङ पसल | प्रति वर्ष | ५००।- |
| ४८. | क्वाडी पसल | प्रति वर्ष | २०००। |

## अनुसूची ५

**जडिबुटी,कवाडी र जीवजन्तु कर**
**क) नगरमा उत्पादन भै निकासी हुने देहायका मालबस्तुको कर**

| क्र.सं. | विवरण | ईकाई | आ.व.०७६।०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | बांस | गोटा | ००।५० पैसा |
| २. | उत्तिस, सल्ला,टुनी लगायत (चट्टा ,गोलिया , चिरान ) | ट्रक र<br>ट्र्याक्टर | रु ३०००।००<br>रु १०००।०० |
| ३. | अन्य काठ ,गोलिया ,चिरान | ट्रक ट्र्याक्टर | रु ३०००।००<br>रु १०००।०० |
| ४. | जुनसुकै खाद्यान्न (अनाज) | प्रति के.जि. | ००।२० पैसा |
| ५. | सुठो | प्रति के.जि. | १।०० रुपैया |
| ६. | अदुवा | प्रति के.जि. | ००।५० पैसा |
| ७. | मुलाका बिउ/ तरकारीको बिउ /केराउको बिउ | प्रति के.जि. | ००।२५ पैसा |
| ८. | भटमास | प्रति के.जि. | ००।५० पैसा |
| ९. | ताजा तरकारी (जुनसुकै) | प्रति के.जि. | ००।५० पैसा |
| १०. | सबै किसिमका फलफुल | प्रति के.जि. | १।०० रुपैया |
| ११. | घ्यु | प्रति के.जि. | रु ५।०० |
| १२. | सुकेको बेसार/सुकेको खुर्सानी | प्रति के.जि. | ००।५० पैसा |
| १३. | कांचो बेसार/काचो खुर्सानि | प्रति के.जि. | ००।२० पैसा |
| १४. | कुखुरा र हाँस(चल्ला ) बाहेक | प्रति गोटा | रु ५।०० |
| १५. | अन्डा | प्रति कार्टुन | रु १५।०० |
| १६. | लसुन,प्याज | प्रति के.जि. | ००।५० पैसा |
| १७ | सुन्तला,कागती,अनार आदीका बेर्ना | (५००विरुवा सम्म छुट)प्रति विरुवा | रु.१।०० |

**ख) नगरबाट कानुनले निषेधित गरेका बाहेक मृत पशुका हाड,सिङ र खुर निकासी कर**

| क्र. | विवरण | इकाई प्रति | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | हाड | प्रति के.जी. | रु.५।०० |
| २. | सिङ | प्रति के.जी. | रु.५।०० |
| ३. | खुर | प्रति के.जी. | रु.५।०० |

**ग) प्रचलित कानूनले निषेधित गरेका बाहेकका छाला निकासी कर**

| क्र. | विवरण | इकाई प्रति | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | छाला ठुलो | प्रति गोटा | रु.५०।०० |
| २ | छाला सानो | प्रति गोटा | रु.२५।०० |

**घ) वन उत्पादनमा नगरपालिकाबाट निर्धारित कर**

| क्र.सं. | माल बस्तुको नाम | इकाई प्रति | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | टिमुर | के.जी. | रु.५।०० |
| २ | जडिबुटि सवै (प्रचलित बन नियमावलीमा तोकिएको) | | रु.१।०० |

## अनुसूचि ६

### सवारी साधन दर्ता तथा नवीकरण

| क्र.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | भाडाका कार, जिप, अटो | प्रति गोटा | ५००। |
| २. | बस,ट्रक | प्रति गोटा | १०००। |
| ३. | निजि कार, जिप तथा अन्य | प्रति गोटा | ७५०। |
| ४. | मोटर साईकल, स्कुटर तथा अन्य सवारी साधन | प्रति गोटा | २००। |
| ५. | हेभी ईक्विपमन्ट स्काभेटर | प्रति गोटा | १००००। |
| ६. | हेभी ईक्विपमन्ट डोजर जेसिबी | प्रति गोटा | ५०००। |
| ७. | मिनीवस | प्रति गोटा | ७००। |
| ८. | ट्रेक्टर | प्रति गोटा | ६००। |

### सवारी कर

| सि.नं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | बस, ट्रक | प्रति गोटा | ५०।- |
| २. | हाईस, ट्रयाक्टर | प्रति गोटा | ४०।- |
| ३. | जीप, भ्यान | प्रति गोटा | २५।- |

## अनुसूची ७

### बिज्ञापन कर

| | बिज्ञापन तथा होडिङ बोर्ड कर | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | होडिङबोर्ड १० स्क्वायर फिट सम्मका लागी ( जनहितमा जारी सन्देशमुलक बाहेक) | प्रति स्क्वायर फिट | ५० |
| २. | होडिङबोर्ड २० स्क्वायर फिट सम्मका लागी | प्रति स्क्वायर फिट | ४० |
| ३. | भित्ते लेखन | प्रति स्क्वायर फिट | २० |

## अनुसूची ८

**मनोरंजन कर**

| क.सं. | **चलचित्र व्यवसाय** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | सिनेमा हल | प्रति | ५०००।- |
| २. | भिडियो हल,सांस्कृतिक प्रर्दशन हल,थिएटर,संगित तथा मनोरञ्जन स्थलका प्रवेश शुल्कमा मनोरञ्जन कर, मेला,महोत्सव | प्रति | ५% |
| ३. | जादु सर्कस,चटक आदिमा | प्रति दिन | १०००।- |
| ४. | परम्परागत जात्रा मेलामा जात्रा व्यबस्थापन समितिले उठाएको रकमबाट | प्रतिशत | ४०% |

परम्परागत जात्रा मेलामा मेला/जात्रा व्यबस्थापन समिति गठन गर्दा नगरपालिकाको अनिवार्य अनुमति लिनुपर्नेछ ।

## अनुसूची ९

**विटौरी शुल्क**

| **क.सं.** | **विवरण** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १ | आफनो क्षेत्रमा आफूले निर्माण ,रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक वहाल विटौरी | प्रति वर्गफुट | १०० रुपैया |

## अनुसूची १०

**पार्किङ शुल्क**

| **क.सं.** | **विवरण** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | बस,ट्रक,ट्याक्टर, मिनि बस,माइक्रो बस,जिप,कार | प्रति घण्टा | १०।- |
| २. | थप प्रति घण्टा | प्रति घण्टा | ५।- |
| ३. | मोटर साइकल प्रति घण्टा | प्रति घण्टा | ५।- |

## अनुसूची ११

.............................

## अनुसूची १२

**सेवा शुल्क दस्तुर**

**पञ्जीकरण तर्फ (विलम्व दस्तुर)**

| क्र.सं. | विवरण | | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | | |
| | क) जन्म दर्ता | | ५०।- |
| | ख) मृत्यु दर्ता | | ५०।- |
| | ग) विवाह दर्ता | | १००।- |
| | घ) बसाइसराई | | २००।- |
| | ङ) सम्बन्ध विच्छेद | | ५००।- |
| २ | व्यक्तिगत घटना प्रतिलिपी | | २००।- |

**नेपाली तथा अंग्रेजीमा गरिने सिफारिस शुल्क**

| क्र.सं. | विवरण | ईकाई | आ.व.०७६/०७७को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | | १० |
| २ | अंग्रेजीमा गरिने सबै सिफारिस | | ५००।- |
| ३ | नागरिकता सिफारिस | | १००।- |
| ४ | नागरिकता प्रतिलिपी सिफारिस | | २००।- |
| ५ | मुचुल्का सहितको नागरिकता | | ३००।- |
| ६ | अंगिकृत नागरिकता/गैर आवसीय | | २०००।- |
| ७ | नाता प्रमाणित स्वदेश प्रयोजन | | २००।- |

| | | | |
|---|---|---|---|
| ९ | नाता प्रमाणित विदेश प्रयोजन | | ५००।- |
| १० | पारिवारिक विवरण सिफारिस | | २००।- |
| ११ | बसोबास प्रमाणित सिफारिस | | ५००।- |
| १२ | नाबालक सिफारिस | | १००।- |
| १३ | जन्म मिति प्रमाणित सिफारिस | | २००।- |
| १४ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | | ५००।- |
| १५ | अविवाहित प्रमाणित सिफारिस | | २००।- |
| १६ | व्यक्तिगत प्रमाणित सिफारिस | | २००।- |
| १७ | चारित्रिक प्रमाणित सिफारिस | | ५००।- |
| १८ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | | ५००।- |
| १९ | खानेपानी,टेलिफोन जडान,नामसारी, ठाउसारी | | २००।- |
| २० | विद्युत मिटर जडान सिफारिस(घरायासी) | | २००।- |
| २१ | विद्युत मिटर जडान सिफारिस थ्रि फेज | | २०००।- |
| २२ | विभिन्न संघ सस्था,क्लव,ईस्टीच्युट आदी दर्ता सिफारीस | | ५००।- |
| २३ | नाम थर जन्म मिति संशोधन सिफारिस | | २००।- |
| २४ | पेन्सन सिफारिस | | ५००।- |
| २५ | निजी बैंक स्थापना अनुमति सिफारिस(मुख्य कार्यालय) | | १००००।- |
| २६ | निजी बैंक स्थापना अनुमति सिफारिस(शाखा) | | ५०००।- |
| २७ | नागरिकता बाहेकको मुचुल्का सिफारिस | | ५००।- |
| २८ | पटके सिफारिस | | ३००।- |
| २९ | उजुरी दस्तुर | | १००।- |
| ३० | मिलापत्र दस्तुर | | ५००।- |
| ३१ | टावर स्वीकृत सिफारिस | | ५०००।- |

| | | | |
|---|---|---|---|
| ३२ | विदेश सिफारिस दस्तुर (अन्य) | | १०००।- |
| ३३ | आम्दानी वा व्यय सम्पति प्रमाणीत | | ०.२५५ (मूल्याङ्कित रकमको) |
| ३४ | खोटो निकासा सिफारिस दस्तुर प्रति गाडी | | ५००।- |
| ३५ | जात्रा (परम्परागत बाहेक) महोत्सव सिफारिस दस्तुर | | १०००।- |
| ३६ | कपाली तमसुक वडाबाट सिफारिस गर्दा | | २००।– |

## घरेलु तथा साना उद्योग सर्जमिन सिफारिस

| | | | |
|---|---|---|---|
| ३७ | ठुला उद्योग सिफारीस | | ५०००।- |
| ३८ | मझौला उद्योग सिफरीस | | २५००।- |
| ३९ | साना तथा घरेलु उद्योग सिफारीस | | १०००।- |
| ४० | व्यवसाय बन्द तथा नाम परिवर्तन | | ५००।- |
| ४१ | मदिरा व्यबसाय सिफारिस (खुद्रा) | | १०००।- |
| ४२ | मदिरा व्यवसाय सिफारिस (थोक) | | २०००।- |
| ४३ | उद्योग वडा सरजमिन सिफारिस | | ५००।- |
| ४४ | पर्यटन स्तरीय होटल सिफारिस | | २०००।- |
| ४५ | उद्योग नामसारी ठुलो | | १५००।- |
| ४६ | उद्योग नामसारी मझौला | | १०००।- |
| ४७ | उद्योग नामसारी सानो | | ५००।- |
| ४८ | समिल तथा काठ चिरानी सिफारिस | | १०००।- |
| ४९ | निर्माण व्यवसाय सिफारिस | | ५०००।- |

## चारकिल्ला प्रमाणित

| | | | |
|---|---|---|---|
| ५० | पहिलो कित्ता | | ५००।- |
| ५१ | पहिलो कित्ता पछि थप प्रति कित्ता | | १००।- |

**ट्रेस नक्सा निर्माण तथा प्रमाणित दस्तुर**

| | | | |
|---|---|---|---|
| ५२ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | | २००।- |
| ५३ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | | १००।- |

**जग्गा नामसारी,किनबेच तथा मालपोत सम्बन्धि अन्य सिफारीस**

| | | | |
|---|---|---|---|
| ५४ | राजिनामा,बकसपत्र सिफारीस | | ५००।- |
| ५५ | अंश बन्डा सिफारिस | | ५००।- |
| ५६ | नाम सच्याई सरजीमन सिफारिस | | ३५०।- |
| ५७ | घर बाटो सिफारिस एक कित्ता | | ३००।- |
| ५८ | घर बाटो सिफारिस थप प्रति कित्ता | | १००।- |
| ५९ | जग्गा धनी पुर्जा प्रतिलीपी सिफारिस | | ३००।- |
| ६० | जग्गा दर्ता वा नामसारी सिफारिस ५ रोपनी सम्मा | | ५००।- |
| ६१ | थप प्रति रोपनी | | २५।- |
| ६२ | घर नक्सा नामसारी | | १०००।- |

**फिल्ड दस्तुर**

| | | | |
|---|---|---|---|
| ६३ | अमिन खटन दस्तुर प्रति कित्ता | | १५००।- |

**जग्गा मुल्याङ्कन**

| | | | |
|---|---|---|---|
| ६४ | एक लाख देखि १० लाख सम्मा | | २०००।- |
| ६५. | थप प्रति लाख | | २००।- |
| ६६ | नक्सा पास किताव | | ५००।- |

**निजी बिद्यालय ठाउसारी/स्थान परिवर्तन**

| | | | |
|---|---|---|---|
| ६७ | १–८ आधारभूत | | १००००।- |
| ६८ | ९–१२ मा.वि. | | २००००।- |

**सामुदायिक बिद्यालय संचालन अनुमति (सिफारिस)**

| | | | |
|---|---|---|---|
| ६९ | शिशु कक्षा संचालन दर्ता | | ५००।- |
| ७० | आधारभूतस्तर | | १०००-। |
| ७१ | मा.वि.स्तर | | २०००।- |

**घडेरी प्लटिङ ईजाजत तथा बाटोको लगत कट्टी**

| | **प्लटिङ ईजाजत दस्तुर** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| ७२ | १ रोपनी सम्म | प्रति रोपनी | ५०००।- |
| ७३ | १ रोपनी भन्दा माथि प्रति रोपनि थप | प्रति रोपनी | २०००।- |

**विकास सेवा शुल्क( प्रति ऐलानी जग्गा उपभोग गर्नेहरु संग)**

| **क्र.सं.** | **विवरण** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | राप्ती राजमार्ग आसपासका क्षेत्रमा व्यापार प्रयोजनमा प्रयोग भएका | प्रति वर्ग मिटर | रु.१०।- |
| २. | सि.नं. १ मा उल्लेखीत क्षेत्र बाहेक बागचौर नगरपालिकाका अन्य सबै क्षेत्रमा व्यापार प्रयोजनमा प्रयोग भएका | प्रति वर्ग मिटर | रु.८।- |
| ३. | बागचौर नगरपालिकाका सबै क्षेत्रमा आवादी तथा कृषि  प्रयोजनमा प्रयोग भएका | प्रति रोपनि मिटर | रु.१०।- |
| ४. | ऐलानी जग्गामा बनेको बजार क्षेत्रको पक्की घर | प्रति कोठा | २००।– |

| | | | |
|---|---|---|---|
| ५. | ऐलानी जग्गामा बनेको बजार क्षेत्रको कच्ची घर | प्रति कोठा | १००।– |
| ६. | ऐलानी जग्गामा बनेको बजारक्षेत्रको घुम्टी पसल,टहरा | प्रति एकको | २००।– |

## नक्सा पास दस्तुर

| | | | |
|---|---|---|---|
| १. | पक्की (RCC) घर प्रति वर्ग फिट | | ८।- |
| २. | नक्सा पास दरखास्त फारम | | ५००।- |
| ३. | नक्सा पास लागु हुनु पूर्व वा नक्सा पास नगरी निर्माण भएका पक्की घरहरु नियमित(अभिलेख) गर्दा प्रति वर्ग फिट | | ५।- |
| ४. | नक्सा नामसारी दस्तुर पक्की घरको प्रति वर्गफिट | | २।- |

## जरिवाना

| | विवरण | | रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | बार्षिक कर,दस्तुर तथा शुल्क बुझाउन बिलम्ब भएमा | पहिलो वर्ष बिलम्ब | १०५ | |
| | | दोस्रो बर्ष बिलम्ब | २०५ | |
| | | दोस्रो वर्ष पछि विलम्ब | २५५ | |
| | पुनश्चः बक्यौता असुल गर्दा साविकको दरमा नै हिसाव गरि असुल गर्ने | | | |
| २. | नक्सा पास नगरी निर्माण कार्य गर्नेलाई | एकमुष्ट रु | १००००।- | |
| ३. | जथाभावी फोहरमैला फ्याक्नेलाई फोहर मैला व्यबस्थापन ऐनमा तोके बमोजिमको जरीबाना । | | | |

## ढुंगा ,गिट्टी,बालुवा, ग्राभेल, स्लेट, रोडा निकासी शुल्क

बागचौर नगरपालिकाभित्र पर्ने प्रमुख शारदा खोला तथा अन्य खोलाहरु तथा स्थानीय बनबाट निकासी गरिने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, स्लेट, माटो, रोडा आदीमा प्रति क्यू फिट रु २।-(दुई ) का दरले निकासी शुल्क असुल गरिनेछ ।

## ब्याकहो लोडर तथा चालु आ.व.र ०७६/०७७ का लागी स्वीकृत भाडा दर

व्याक हो लोडर र टिपर जस्ता हेभि उपकरणको भाडा दर निर्धारणका लागि हेभि उपकरण संचालन कार्यविधि निर्माण गरी कार्यपालिकाले स्वीकृत गरे अनुसार र सोही कार्यविधिमा उल्लेख भए अनुसारको दररेटमा  कार्यपालिकालाई भाडा उठाउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नगरपालिकाले उपलब्ध गराएको सेवा बापत उठाउने कर दस्तुरको दर :**

| **क.सं.** | **माल बस्तुको नाम** | **इकाई प्रति** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | मल्टिमिडिया | प्रति दिन | १०००।०० |
| २. | गैर सरकारी संघसंस्था (बाल क्लव बाहेक) सिफारिस ( दर्ता) दस्तुर | | १०००।- |
| ३. | आमा समूह तथा अन्य समूहसिफारिस (दर्ता) दस्तुर | | ५००।- |
| ४. | दातृ निकायबाट सञ्चालन हुने नगर बाहिर दर्ता भई नगरमा कार्य अनुमति दिदा ( एन.जि.ओ./आइ.एन.जि.ओ.) | | ३०००।०० |
| ५. | संघ,संस्था कार्य अनुभव सिफारिस | प्रति पटक | ५००।०० |
| ६. | **संघ संस्था नवीकरण सिफारिस दस्तुर** | | |
| | क) ३५ दिन भित्र | | ५००।०० |
| | ख) भदौ मसान्त सम्मको लागी | | ६००।०० |
| | ग) असोज मसान्तसम्मको लागि | | ८००।०० |
| | घ) पौष मसान्तसम्मको लागि | | १०००।०० |
| | ङ) आषाढ मसान्तसम्को लागि | | २०००।०० |
| ७. | भिडियो क्यामरा प्रयोग गरे वापत | प्रति दिन | १०००।०० |

## अनुसूची १३

.....................

## अनुसूची १४

**बजार सफाई व्यवस्थापन सहयोग शुल्क**

| **क.सं.** | **विवरण** | **ईकाई** | **आ.व.०७६/०७७को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | घरायसी तथा साना खुद्रा पसल | प्रति महिना | रु. ५०। |
| २. | तरकारी पसल, थोक विक्रेता, विद्यालय, क्याम्पस, होटेल, रेस्टरेन्ट, एग्रोभेट,हार्डवेयर,मेडिकल, | प्रति महिना | रु. १००। |

| | | | |
|---|---|---|---|
| | हस्पिटल प्रा.लि.,बैंक, वित्तिय संस्था, उद्योग | | |